## पाठ ५७

१. येशू किन थाक्नुभयो ?
- यद्यपि येशू पूर्ण रूपले परमेश्वर हुनुहुन्थ्यो तर उहाँ पूर्ण रूपले मानव पनि हुनुहुन्थ्यो ।

२. येशू कसरी बतास र समुद्रलाई शान्त रहन आदेश दिन सक्षम हुनुभयो ?
- किनभने येशू परमेश्वर हुनुहुन्थ्यो ।

३. बतास र समुद्रले येशूले भन्नुभएको कुरा किन माने ?
- किनभने बतास र समुद्रलाई सृष्टि गर्ने येशू नै हुनुहुन्थ्यो ।

४.के भूत लागेको मानिसले भूतहरूको शक्तिबाट आफूलाई बचाउन सक्षम थियो ?
- थिएन ।

५. के अरू मानिसरहू भूतहरूको शक्तिबाट त्यस मानिसलाई बचाउन सक्षम थिए ?
- थिएनन् ।

६. भूतहरूले हामी मानिसहरूलाई घृणा गर्छन् भन्ने कुरा हामीलाई कसरी थाहा छ ?
- किनभने भूतहरूले मानिसलाई ती गुफामा बस्न बाध्य पार्छन् जहाँ मरेको मानिसलाई गाडिन्छ ।
- किनभने भूतहरूले मानिसलाई आफैले आफूलाई काट्न बाध्य पार्छन् ।

७. यी सबै भूतहरूको मालिक को हो ?
- शैतान ।

८. कोचाहिँ शैतान र त्यसका सहयोगीहरू भन्दा शक्तिशाली हुनुहुन्छ ?
- परमेश्वर ।

९. जबकि सबै सुँगुरहरू मरे किन भूतहरू भने मरेनन् ?
- किनभने भूतहरू आत्मा हुन् ।
- किनभने भूतहरूको मानिस वा जनावरहरूको जस्तो शरीर हुँदैन ।

१०. कसले त्यस मानिसलाई भूतहरूको दासत्वबाट मुक्त पार्‍यो ?
- येशूले ।

- त्यसको केही समय पछि येशू र उहाँका चेलाहरू गालील समुद्रको केही परको किनारा पार गरे ।

आउनुस् मर्कूस ६:१-२ पद पढौं ।

येशूले त्यस ठाऊँ छोडनुभयो अनि उहाँ आफ्नो शहर फर्कनुभयो। उहाँका चेलाहरू उहाँसँगै गए। [2] विश्रामको दिनमा येशूले सभाघरमा शिक्षा दिन शुरू गर्नुभयो। धैरै मानिसहरू उहाँको शिक्षा सुनेर छक्क परे, तिनीहरूले भने, "यो मानिसले यो शिक्षा कहाँबाट पायो? यो ज्ञान उहाँले कहाँबाट पाएका हुन्? कसले उहाँलाई यो दिएका हुन्? अनि यस्तो आश्चर्य-कर्महरू गर्ने शक्ति उहाँले कहाँबाट पाएका हुन्?

- ठूलो भीडले येशूलाई किन पछ्यायो ?

- किनभने तिनीहरू येशूले बिरामी मानिसहरूमा गरेका जस्तै अरू धैरै चमत्कारका कामहरू देख्न चाहन्थे ।

आउनुस् यूहन्ना ६:३ पद पढौं ।

[3] येशू डाँडामाथि जानु भयो अनि आफ्ना चेलाहरूसँग त्यहाँ बस्नु भयो। [4] त्यसबेला यहूदीहरूको निस्तार चाडको समय प्रायः आइसकेको थियो।

- यद्यपि येशू र उहाँका चेलाहरू डाँडाको माथि जानुभयो तर पनि एउटा ठूलो भीडले तिनीहरूलाई पछ्यायो ।

- भीड यति ठूलो थियो कि त्यहाँ पाँच हजारभन्दा धैरै मानिसहरू थिए ।

- त्यसपछि येशूले उहाँका एकजना चेला फिलिपलाई एउटा प्रश्न सोध्नुभयो ।

आउनुस् यूहन्ना ६:५-७ पद पढौं ।

[5] येशूले आफ्नो नजर उठाउनु भयो अनि धैरै मानिसहरू उहाँकहाँ आइरहेको देख्नु भयो। येशूले फिलिपलाई भन्नुभयो, "हामीले तिनीहरूलाई खुवाउनको निम्ति रोटीहरू कहाँ किन्न सक्छौं?" [6] येशूले यो प्रश्न फिलिपलाई जाँच्नलाई सोध्नु भएको थियो। उहाँलाई थाहा भइसकेको थियो कि उहाँले के गरिरहनु भएको छ।

[7] फिलिपले उत्तर दिए, "यदी हामी सबैले महिनाभरि काम गर्यौं भने पनि प्रत्येकलाई एक एक टुक्रा रोटी दिने पैसा पुग्ने छैन।"

- फिलिपलाई येशूले यो प्रश्न किन सोध्नुभयो ?

- येशू फिलिपको जाँच गर्न चाहनुहुन्थ्यो जबकि येशूलाई उहाँले के गर्न गइरहनुभएको छ सो थाहा थियो ।

आउनुस् यूहन्ना ६:८-९ पद पढौं ।

[8] त्यहाँ येशूका अर्को एक जना चेला थिए। तिनी शिमोन पत्रुसका भाइ अन्द्रियास थिए।
[9] आन्द्रियासले भने, "यहाँ एक जना केटो छ। जसकोमा पाँच वटा जौको रोटी र दुइ टुक्रा साना माछा छन्। तर यो त्यति विघ्न मानिसहरूको लागि केही होइन।"

- येशूले भन्नुभएको वचन यहाँ लेखिएको छ ।

आउनुस् यूहन्ना ६:१०-१३ पद पढौं ।

[10] येशूले भन्नुभयो, "मानिसहरूलाई बस्न लाऊ।" यो घाँसै-घाँस भएको ठाउँ थियो। त्यहाँ 5,000
जति मानिसहरू बसिरहेका थिए। [11] येशूले रोटी लिनु भयो र परमेश्वरलाई यसको निम्ति धन्यवाद
दिनुभयो, अनि त्यहाँ बसेका जम्मैलाई रोटी बाँड्नु भयो। माछा पनि त्यसरीनै बाँड्नु भयो। येशूले
मानिसहरूलाई जति चाहान्थे त्यति नै दिनु भयो। [12] जब तिनीहरूले खाई सके येशूले आफ्ना
चेलाहरूलाई भन्नुभयो, "उब्रेका टुक्राहरू बटुल। केही पनि नष्ट नपार।" [13] तब चेलाहरूले उब्रिएको
रोटीको टुक्राहरू बटुले। पाँचवटा जौको रोटीहरू मानिसहरूले खाएर उब्रेको टुक्राहरू तिनीहरूले ठूलाठूला बाह्रवटा डोकोहरू मा भरे। पाचँवटा रोटीहरू र दुइवटा माछाबाट मात्र शुरू गरेका थिए। चेलाहरूले ती उब्रेका टुक्राहरू ठूल-ठूला बाह्र डोकोहरूमा भरे।

- येशूले पिता परमेश्वरलाई धन्यवाद दिइसकेपछि उहाँले रोटी र माछाहरू भाँच्नुभयो र ती रोटी र माछा ती मानिसहरूलाई खान दिन भन्नुभयो ।

- जब येशूले मानिसहरूलाई खुवाउन सुरू गर्नुभयो तब कतिवटा रोटीका टुक्रा र माछा उहाँसँग थिए ।

- पाँचवटा रोटी र दुईवटा माछा ।

- पाँचवटा रोटी र दुईवटा माछालाई येशूले कतिजनालाई खुवाउनुभयो ?

- पाँच हजारभन्दा बढी मानिसलाई ।

- पाँचवटा रोटी र दुईवटा माछाबाट पाँच हजार बढी मानिसलाई खुवाउन येशू कसरी सक्षम हुनुभयो ।

- किनभने येशू परमेश्वर हुनुहुन्छ ।
- किनभने येशू सबै थोक गर्न सक्नुहुन्छ ।

- सबै मानिसहरूले खाइसकेपछि तिनीहरूले के भने ?

आउनुस् यूहन्ना ६:१४-१५ पद पढौं ।

14 येशूले त्यस्तो चमत्कार गर्नुभएको मानिसहरूले देखे। तिनीहरूले भने, "संसारमा जो अगमवक्ता
आउनेवाला हुनु हुन्थ्यो साँच्चै उहाँ नै हुनु हुँदो रहेछ।"
15 येशूले बुझ्नु भयो कि आउने अनि
उहाँलाई जबरजस्ती राजा बनाउने योजना मानिसहरूले गर्दै थिए। यसकारण, उहाँले त्यो ठाँउ छाडेर
एक्लै पहाडमा जानु भयो।

- मानिसहरू किन येशूलाई राजा बनाउन चाहन्थे ।

- किनभने तिनीहरू येशूले हर समय तिनीहरूलाई खाना दिनुहोस् भन्ने चाहन्थे ।

- के मानिसहरू येशूले तिनीहरूलाई पाप, मृत्यु र शैतानको शक्तिबाट बचाउनुहोस् भनी चाहन्थे ?
- चाहदैनथे ।
- मानिसहरू केवल तिनीहरूको पेटको बारेमा सोच्थे ।

- येशूले किन मानिसहरूको राजा बन्ने चाहना राख्नुभएन ?

- किनभने येशूलाई मानिसको हृदय दुष्ट्याँइले भरिएको छ भन्ने थाहा थियो ।

- किनभने येशूलाई मानिसहरूले उहाँसँग केवल रोटी मागिरहेका छन् भन्ने थाहा थियो ।

- किनभने मानिसहरूको कारणले येशूले आफैलाई गुप्तमा राख्नुभयो ?

- जब साँझ पऱ्यो, येशूका चेलाहरू एउटा डुङ्गामा गए र गालील समुद्र तर्न लागे ।

आउनुस् यूहन्ना ६:१६-२१ पद पढौं ।

[16] त्यस साँझ येशूका चेलाहरू गालील झील तर्फ गए। [17] यसबेला अन्ध्यारो भइसक्दा पनि येशू
फर्कनु भएको थिएन। चेलाहरू डुङ्गामा चढे अनि कफर्नहुम जान लागे। कफर्नहुम समुद्रको अर्को
पट्टि थियो। [18] हावा जोडले चलेकोले गर्दा त्यस समूद्रमा ठूलो छाल उठेर डुङ्गालाई उल्टा
घचेटिरहेको थियो। [19] तिनीहरूले पाँच-छ कोलोमिटरसम्म डुङ्गा खियाएर लगे। तब तिनीहरूले
येशूलाई देखे। उहाँ पानिमाथि हिंडिरहनु भएको थियो। उहाँ डुङ्गा भए तर्फ आउनु भयो। चेलाहरू
डराए। [20] तर येशूले तिनीहरूलाई भन्नु भयो, "नडराऊ, यो म नै हुँ।" [21] जब उहाँले तिनीहरूसँग बात
गर्नुभयो उहाँलाई डुङ्गामा ल्याउन पाँउदा तिनीहरू आनन्दित भए। तब डुङ्गा जमीनतिर आई
पुग्यो जुन ठाउँमा तिनीहरू पुग्न चाहन्थे।

- चेलाहरू किन डराएका थिए ?
- किनभने येशू तिनीहरूतर्फ पानीमाथि हिँडेर आइरहनुभएको तिनीहरूले देखे ।

- के कुनै मानिस पानीमाथि हिँड्न सक्छ ?
- सक्दैन ।

- केवल येशू मात्रै पानीमाथि हिँड्न सक्नुहुन्थ्यो ।
- अरू कोही पनि येशु जस्तो छैन ।

- किनभने येशूले समुद्र बनाउनुभयो त्यसैले उहाँ समुद्रमाथि हिँड्न सक्नुभयो ।

- किनभने येशू परमेश्वर हुनुहुन्छ त्यसैले उहाँलाई लागेको जे काम पनि उहाँ गर्न सक्नुहुन्छ ।

- त्यसपछि भीड येशूको खोजी गर्दै त्यहाँ गयो ।

आउनुस् यूहन्ना ६:२२-२५ पद पढौं ।

22 अर्को दिन आई पुग्यो। कोही मानिसहरू समुद्रको अर्को किनारतिर बसेका थिए। येशू अब आफ्ना
चेलाहरूसँग जानु भएन भन्ने कुरा ती मानिसहरूले थाहा पाए, तर तिनीहरू आफैं छोडीए।
तिनीहरूले पनि थाहा पाए त्यहाँ एउटा मात्र डुङ्गा थियो। 23 तर तिबेरियासबाट केही डुङ्गाहरू आए।
ती डुङ्गाहरू त्यही ठाँउ नजिक थामिए जहाँ परमप्रभुले परमेश्वरलाई धन्यवाद दिनु भए पछि त्यो
भीडले रोटी खाएको थियो। 24 ती मानिसहरूले त्यहाँ अब न त येशू न उहाँका चेलाहरू नै देखे।
यसर्थ तिनीहरू डुङ्गाहरू लिएर कफर्नहुमतिर लागे । किनभने तिनीहरू येशूलाई भेट्न
चाहन्थे।25 मानिसहरूले येशूलाई समुद्र पट्टि देखे। तिनीहरूले उहाँलाइ सोधे, "रब्बि, तपाईं यहाँ
कहिले आई पुग्नु भयो?"

- भीडले येशूलाई किन हेरिरहेको थियो ?
- किनभने तिनीहरू येशूले अरू धैरै खाना दिनुहोस् भनी चाहन्थे ।

- के येशूलाई ती मानिसहरूले किन पछ्याइरहेका छन् भन्ने थाहा थियो ?
- थाहा थियो ।

- भीडलाई येशूले के जवाफ दिनुभयो ?

आउनुस् यूहन्ना ६:२६-२७ पद पढौं ।

26 उहाँले उत्तर दिनु भयो, "तिमीहरूले मलाई किन खोजिरहेछौ? के मेरो चमत्कारहरू जसले मेरो
शक्तिको प्रमाण दिन्छ देखे पछि मलाई खोजिरहेकाछौ? अँहँ! म सत्य भन्छु, तिमीहरूले मलाई
खोजेको कारण के हो भने तिमीहरूले रोटी खोयौ र पुरा अघायौ। 27 जुन खाद्य नष्ट हुन्छ त्यसको
निम्ति काम नगर तर जुन खाद्य नष्ट हुँदैन अनि अनन्त जीवन दिन्छ त्यसको निम्ति काम
गर। मानिसको पुत्रले तिमीहरूलाई त्यस्तो खाद्य दिनु हुन्छ। पिताले देखाएका छन् कि उनी
मानिसका पुत्र सँग छन्।"

- येशूले तिनीहरूलाई भन्नुभयो किन खाना दिएको कारणले मात्रै तिनीहरूले उहाँको खोजी गरेका हुन् ।

- त्यसपछि येशूले भन्नुभयो :

- खेरजाने जाने खानाको निम्ति परिश्रम नगर तर अनन्त जीवनको खानाको निम्ति परिश्रम गर ।

- के येशूको भनाइको अर्थ खानाको निम्ति परिश्रम गर्नु गलत कुरा थियो ?
- थिएन ।
- हामी सबैले खानाको निम्ति काम गर्नैपर्छ ।

- येशूले यसो भन्नुको मतलब के थियो त ?

- येशूले भन्न खोज्नुभएको यही थियो कि शारीरिक खानाको निम्ति भन्दा आत्मिक खानाको निम्ति सोच्नु धेरै महत्वपूर्ण कुरा हो ।

- येशूले भन्न खोज्नुभएको यही थियो कि शारीरिक खानाको निम्ति भन्दा आत्मिक खानाको निम्ति परिश्रम गर्नु धेरै महत्वपूर्ण कुरा हो ।

- हामीले परिश्रम गर्नुपर्ने आत्मिक खाना के हो ?

- परमेश्वरको वचन ।

- त्यसपछि भीडले येशूलाई एउटा प्रश्न सोध्यो ।

आउनुस् यूहन्ना ६:२८-२९ पद पढौं ।

28 मानिसहरूले येशूलाई सोधे, "परमेश्वरले हामीबाट कस्तो प्रकारको काम चाहनु हुन्छ।" 29 येशूले उत्तर दिनुभयो, "परमेश्वरले तिमीहरूबाट कस्तो काम चाहनुहुन्छ भने तिमीहरू उहाँले पठाउनु भएको एकमाथि विश्वास गर्नु पर्छ।"

- मानिसहरूले येशूलाई के सोधे ?

- तिनीहरूले यही सोधे कि परमेश्वरलाई खुशी पार्न तिनीहरूले के गर्नुपर्ने हो ।

- येशूको उत्तर के थियो ?

- येशूले तिनीहरूलाई दिएको जवाफ यही थियो कि परमेश्वरलाई खुशी पार्न तिनीहरूले गर्नुपर्ने एउटै काम यही थियो कि तिनीहरूले येशूमा विश्वास गर्नुपर्थ्यो ।

- के त्यसपछि मानिसहरूले येशूले भन्नुभएको कुरामा विश्वास गरे ?

- गरेनन् ।

आउनुस् यूहन्ना ६:३०-३१ पद पढौं ।

[30] तब मानिसहरूले सोधे, "तपाईं परमेश्वरले पठाएको प्रमाण दिनलाई एक हो भन्ने के चमत्कार गर्नु सक्नु हुन्छ? यदि हामीले तपईंको चमत्कार देख्यौं भने तब तपाईमाथि विश्वास गर्नेछौं। तपाईं के गर्नु हुनेछ? [31] मरूभूमिमा हाम्रा पिता पुर्खाहरूले मन्न खाए। यो धर्माशास्त्रमा लेखिएको छ, 'परमेश्वरले स्वर्गबाट रोटी खानलाई दिनुभयो।"

- मानिसहरूले यही भनिरहेका थिए कि जसरी मोसाले इज्रेलीहरूलाई मरुभूमिमा हरेक दिन मन्न दिए येशूले पनि तिनीहरूलाई हरेक दिन खाना दिनुपर्थ्यो ।

- येशूले तिनीहरूलाई के जवाफ दिनुभयो ?

आउनुस् यूहन्ना ६:३२-३३ पद पढौं ।

[32] येशूले भन्नुभयो, "म तिमीहरूलाई साँच्चो भन्छु। मोशा तिनी एक होइनन् जसले तिमीहरूलाई स्वर्गबाट रोटी दिए। तर मेरा पिताले तिमीहरूलाई स्वर्गबाट साँच्चो रोटी दिनुहुन्छ। [33] परमेश्वरको रोटी के हो? परमेश्वरको रोटी भनेको त्यो चीज हो जुन स्वर्गबाट ओर्लेर संसारलाई जीवन दिनुहुन्छ।"

- के मरुभूमिमा इज्रेलीहरूलाई मन्न मोसाले दिएका हुन् ?
- होइनन् ।
- मरुभूमिमा इज्रेलीहरूलाई मन्न दिनुहुने को थियो ?
- परमेश्वर ।

- येशूले भन्नुभयो पिता परमेश्वरले इज्रेलीहरूलाई मरुभूमिमा मन्न दिनुभएको हो ।

- येशूले यो पनि भन्नुभयो जसरी परमेश्वरले स्वर्गबाट मरुभूमिमा इज्रेलीहरूलाई मन्न दिनुभयो त्यसरी नै पिता परमेश्वरले तिनीहरूलाई स्वर्गबाट साँचो रोटी दिइरहनुभएको थियो ।

- पिता परमेश्वरले स्वर्गबाट दिनुभएको साँचो रोटी को हुनुहुन्थ्यो ?

- येशू ।

- परमेश्वरले इज्रेलीहरूलाई मरुभूमिमा दिनुभएको मन्न र येशू कसरी उस्तै हुनुहुन्थ्यो ?

- जसरी मन्न स्वर्गबाट आएको थियो येशू पनि स्वर्गबाट आउनुभएको थियो ।

- जसरी मन्न केवल परमेश्वरबाट दिइएको थियो त्यसरी नै येशू पनि केवल परमेश्वरबाट दिइनुभएको थियो ।

- जसरी इज्रेलीहरू मन्न बिना मर्ने थिए त्यसरी मानिसहरू पनि येशू बिना मर्ने थिए ।

- के मानिसहरूले येशूले भन्नुभएको कुरा बुझे ?

आउनुस् यूहन्ना ६:३४ पद पढौं ।

34 मानिसहरूले भने, "प्रभु, त्यो रोटी हामीलाई सधैँ दिनुहोस्।"

- मानिसहरूले बुझेनन् ।
- मानिसहरूले येशूले तिनीहरूको शारीरिक खानाको बारेमा कुरा गरिरहनुभएको होला भनी ठाने ।

- के येशूले तिनीहरूको शारीरिक खानाको बारेमा कुरा गरिरहनुभएको थियो ?
- होइन ।

- येशूले तिनीहरूको आत्मिक खानाको बारेमा कुरा गरिरहनुभएको थियो ।

आउनुस् यूहन्ना ६:३५ पद पढौं ।

35 तब येशूले भन्नुभयो, "म त्यो रोटी हुँ जसले जीवन दिंदछ। जुन मानिस मेरोमा आउँदछ ऊ कहिल्यै भोको हुँदैन। जुन मानिसले ममाथि विश्वास गर्दछ ऊ कहिल्यै तिर्खाउँदैन।

- येशूले भन्नुभयो उहाँ स्वर्गबाट आउनुभएको आत्मिक खाना हुनुहुन्छ ।

- के यदि कसैले खाना खाँदैन भने त्यो मर्छ ?

- मर्छ ।

- जसरी खाना नखाएपछि मानिस मर्छ त्यसरी नै यदि हामीले येशू जो हाम्रो आत्माको खुराक हुनुहुन्छ उहाँमा विश्वास गरेनौं भने हामी मर्छौं ।

- यदि हामीले येशूमा विश्वास गऱ्यौं भने हाम्रो आत्मा फेरि कहिल्यै पनि भोकाउने छैन ।